# सुशासनको प्रत्याभूति गर्न नपाएको गुनासो

गोविन्द सुवेदी/नयाँ पत्रिका
पोखरा, २६ माघ

जनताले परिवर्तन र सुशासनको प्रत्याभूति नै गर्न नपाएको पोखराका अधिकारकर्मीले बताएका छन् । राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिले आइतबार पोखरामा गरेको भौतिक पूर्वाधार तथा सुशासनसम्बन्धी अन्तर्क्रियामा उनीहरूले यस्तो बताएका हुन् ।

शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीका संयोजक विष्णुप्रसाद रालले ठेकदारसँग मिलेर उपभोक्ता समितिले खाने क्रम संस्कारकै रूपमा कास भएको बताए । उनले स्वास्थ्य, शिक्षा र पूर्वाधार निर्माणमा व्यापक ष्टाचार रहेको उल्लेख गरे । इन्सेक पोखराका संयोजक शिव खकुरेलले तिक पूर्वाधार निर्माण मात्र विकास भन्ने पुरातन सोचलाई परिवर्तन गर्नुपर्ने रणा राखे । भौतिक र मानवीय विकास सँगसँगै हुन जरुरी रहेको उनको नाइ छ । मन्त्री र मेयरका निवासबाहिर योजना माग्नेको लाइन लाग्ने अवस्थाले आधारभूत तहका नागरिकले विकास र सुशासनको अनुभूति गर्न नपाउने धारणा राखे । गैरसरकारी संस्था गण्डकी प्रदेशका उपाध्यक्ष गोपाल खड्काले सामाजिक संस्था ऐन संशोधन हुन नसकेको र सामाजिक संस्थाहरूसमेत पारदर्शी हुन नसकेको बताए ।

गैसस महासंघ कास्कीका पदमराज पहारीले हरेक गाउँपालिकाको नियमित रूपमा सर्वजनिक सुनुवाइ हुनुपर्ने बताए । रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले आफ्नो गाउँपालिकाले पाँच लाख रुपैयाँमुनिका योजना नबनाउने, तर सांसदले १० लाखको योजना पाँच टुक्रा पार्न लगाउने गरेको सुनाए । खरिद ऐन समयसापेक्ष नहुँदा जनप्रतिनिधिलाई काम गर्न अप्ठ्यारो रहेको उनले बताए । समिति सभापति तारादेवी भट्टले आफूहरू यस्तै कुरा सुन्न आएको भन्दै यही कुराको निर्देशन सरकारलाई दिइरहेको बताइन् । समितिका प्राविधिक सल्लाहकार मनोज भट्टले स्वास्थ्य क्षेत्र सुशासन दिगो विकासका लक्ष्यबारे प्रस्तुति राख्दै स्वास्थ्य निःशुल्क भनिए पनि त्यो हुन नसकेको बताए ।

## छिपहरमाई गाँउपालिका
### गाँउ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
प्रदेश नं २, नेपाल

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशय-पत्र

**प्रकाशित सूचना मिति : २०७७/१०/२७**

यस कार्यालयबाट मिति २०७७/०८/१६ गते प्रभाव दैनिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना e-bidding मार्फत दाखिला हुन आएका बोलपत्र मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकन सारभूत रुपमा प्रभावग्राही भई यस कार्यालयको मिति २०७७/१०/२० गतेको निर्णयानुसार स्वीकृतको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्वन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कार्यको विवरण | कबोल रकम (मु.अ.कर सहित) | सारभूत रुपमा प्रभावग्राही फर्मको नाम, ठेगाना |
|---|---|---|---|---|
| ०१ | 14/CRMO/PAR/ NCB/ BRIDGE-77/078 | Construction of Oriya Khola Bridge along Jaymangalapur-Tulshibarwa-Road | रु. ३,२३,१२,२९,३९९ | Nagarjun-Binod Sah J.V. |

देवनाथ साह
प्रमुख प्रशासकीय अधिकृत

एन आई सी एशिया बैंक लिमिटेड